श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७५/०७६ सालको निर्णय नं. ५९

पुनरावेदन नं. ०७५-RB-०३७३

| | |
|---|---|
| धनुषा जिल्ला साविक तल्लो गोदार गा.वि.स. वडा नं.१ स्थायी घर भई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरण, काठमाण्डौमा प्रहरी सहायक निरीक्षक पदमा रहेको र हाल निलम्बित का.जि. बुढानीलकण्ठ न.पा. वडा नं.५ विष्णुमती बस्ने बर्ष ३६ को कुल बहादुर राई.........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| निर्देशक रामप्रसाद रेग्मी समेतको प्रतिवेदनले नेपाल सरकार त्रिभूवन विमानस्थल भन्सार कार्यालय गौचरण, काठमाण्डौ.....................................................१<br>त्रिभूवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री गजेन्द्र कुमार ठाकुर...........................................................................................१ | प्रत्यर्थी |

**मुद्दा : सुन चोरी पैठारी ।**

शुरु निर्णय गर्ने कार्यालय : त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय गर्ने अधिकारी : श्री गजेन्द्र कुमार ठाकुर

शुरु निर्णय मिति : २०७५/१२/२४

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री आरजु कार्की

प्रत्यर्थीको तर्फबाट : विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री गजेन्द्र कुमार ठाकुरले मिति २०७५।१२।२४ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२

(१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रतिवादी कुल बहादुर राईको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

## मुद्दाको तथ्य

१. महानगरीय अपराध महाशाखा, टेकु काठमाण्डौको प.स. २०७४/०७५ च.नं. २५०८ मिति २०७४/१०/१९ गतेको पत्रानुसार मिति २०७४ साल माघ १८ गतेको विहान कतारबाट नेपालको त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलमा अवतरण भएको हिमालयन एयरवेजको फ्लाईटबाट आउने प्यासेन्जरहरु मार्फत ल्याएका अबैध सुनहरु सोही विमानस्थलमा कार्यरत प्र.स.नि. कुल बहादुर राईले विमानस्थलबाट आफ्नो जिम्मा लिई आफ्नो कोठा काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.४ बालुवाटारमा ल्याई राखेको अवस्थामा यस ब्यूरोबाट खटिएको टोलीले खानतलासी गर्दा **MW10 TOLAS 990.0** लेखीएको सुन जस्तो देखिने पहेलो धातुका बिस्कुटहरु २ थान कानून बमोजिम बरामद गरी सो अबैध सुन ओसारपसार गर्ने कार्यमा संलग्न विमानस्थलमा कार्यरत प्र.स.नि. कुल बहादुर राई र जिल्ला सुनसरी कोशी गाउँपालिका वडा नं.५ घर भई हाल ललितपुर सातदोबाटोमा बस्ने बर्ष २२ को परवेज आलमलाई पक्राउ गरी रितपूर्वक तयार गरिएको खानतलासी तथा बरामदी मुचुल्का उल्लेखित दशी र निजहरुलाई समेत थप अनुसन्धानको लागि त्रिभूवन विमानस्थल भन्सार कार्यालय विभागमा मिति २०७४/१०/१९ मा दाखिला गरेको।

२. मिति २०७५ साल भदौ २० गतेको पत्रबाट अर्थ मन्त्रालय (राजस्व व्यवस्थापन महाशाखा) को प.स.रा.टि.फा. ३९(६) ०७४/०७५ च.नं. १०८१ मिति २०७५/०३/०६ को पत्रबाट राजस्व अनुसन्धान विभाग ऐन २०६४ बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गत कारवाही शुरु भई अनुसन्धानको क्रममा रहेका फाईलहरु सम्बन्धित भन्सार कार्यालयलाई हस्तान्तरण गर्ने भनि मा. मन्त्रीस्तरको मिति २०७५/०३/०६ को निर्णयानुसार विगो रु.११,४६,०००/- बराबरको फायल त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा मिति २०७५/०५/२५ मा दाखिला हुन आएको।

३. प्रहरीले मलाई सुन भन्सार चोरी अभियोगमा बालुवाटारबाट पक्राउ गरेको हो। मसँग २० तोला सुन बरामद भएको, बरामद सुन आलम भन्ने मानिसको हो, त्रिभूवन विमानस्थलको डोमेस्टीकको पार्किङ्गबाट लिएको हो, मैले सो सुन बालुवाटारमा कोठामा लगेको थिए, उसको नाम आलम भन्ने मात्र थाहा छ, उसको बारेमा अरु केही पनि थाहा छैन, मुल्लाहक भन्ने मानिसलाई उ विदेश जाने क्रममा एअरलाईन्समा तौल बढी भएको हुँदा सहयोग गरिदिएको थिए, त्यसपछि उसले मेरो नम्बर लिएको थियो र उ सम्पर्कमा थियो, मुल्लाहक

सँग मैले सोनी टिभीको रिमोट मगाएको थिए र मलाई फोन गरेर आलम भन्ने मानिसबाट रिमोट लिनु भनेको हुँदा आलमसँग भेट भएको हो। आलमसँगको भेटमा उससँग भएको सुन डोमेस्टिक कटाईदिन अनुरोध गरेको थियो, मैले त्यस्तो सुन प्रहरीले पक्राउ गर्छ भनि भनेको हुँदा उसले आफूसँग भएको मलाई पठाईदिई २/४ दिनमा लिन आउँछु भनेकोले उक्त सुनको बारेमा अन्य कुरा सोधीखोजी नगरी कोठामा ल्याएको हुँ भन्ने समेत बेहोराको प्रतिवादी कुल बहादुर राईले अनुसन्धानको क्रममा राजस्व अनुसन्धान विभागमा गरेको वयान।

४. मेरो सामान्य चिनजानको साथी फैयाज आलमले मलाई सम्पर्क गरी मेरो अंकलसँग भेटेर सामान लिनु र आफूसँग राख्नु, म पछि कुरा गर्छु भनु अनुरोध गरेको हुनाले उसलाई सहयोग गर्न जाँदै गर्दा मलाई प्रहरीले बालुवाटारमा पक्राउ परेको हुँ। मेरो सामान्य चिनजानको साथी फैयाज आलमको स्थायी घर सुनसरी जिल्लाको भोक्राहा गाउँमा छ, निजको ट्राभल्स पनि छ तर उक्त ट्राभल्सको नाम र पान नं. पेश गर्न सक्दिन। फैयाज आलमले मेरो अंकल कुल बहादुर हो भनि निजको सम्पर्क नं. समेत दिएका हुन्। मलाई सामान मात्र बुझ्नु भनेको हो के कस्तो सामान हो भन्ने समेत जानकारी थिएन भन्ने समेत बेहोराको प्रतिवादी परवेज आलमले राजस्व अनुसन्धान विभागमा गरेको वयान।

५. तत्काल प्राप्त प्रमाणका आधारमा वरामद भएको सुन निज प्रतिवादीहरुले भन्सार चोरी पैठारी गरी ल्याएको देखिएको र सुन धनि भनि उल्लेख भएका फैयाज आलम हाल उपस्थित नभएको हुँदा हाल उक्त सुन लिन गएका परवेज आलमलाई नै सुन धनि मानी बरामद भएको उल्लेखित परिमाणको सुनको भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम नेपाल सुन चाँदी डिलर एशोसियसनको वेबसाईटमा मिति २०७४/१०/२१ गते प्रकाशित प्रति तोला सुनको मूल्य रु.५७,३००/- को दरले २० तोला सुनको हुने जम्मा रु. ११,४६,०००/- विगो कायम गरी सोही ऐनको दफा अनुसार विगो रकम रु. ११,४६,०००/- र सोही ऐनको दफा ५७(१)(क) बमोजिम १ महिना कैद वापतको हुने रु. १५००/- समेत गरी जम्मा रु.११,४७,५००/- मात्र भन्सार ऐन २०६४ को दफा ४१(१) बमोजिम नगद धरौटी माग गर्ने तथा एअरपोर्टदेखि अबैध सुन चोरी पैठारी गरी कोठासम्म ल्याईदिन सहयोग र मद्दत गर्ने प्रहरीका बहालवाला कर्मचारी प्र.स.नि. पदका श्री कुल बहादुर राईलाई समेत पछि ठहरे बमोजिम हुने गरी भन्सार ऐन २०६४ को दफा ५७(३) बमोजिम कसूरदार सरह विगो बमोजिम रु. ११,४६,०००/- र सोही ऐनको दफा ५७(१)(क) बमोजिम एक महिना कैद वापतको हुने रु. १५००/- समेत गरी जम्मा रु. ११,४७,५००/- मात्र भन्सार ऐन २०६४ को दफा ४१(१) बमोजिम माग गरी माग बमोजिमको नगद धरौटी दाखिला नभए सोही ऐनको दफा ४१(२) बमोजिम सिदा खाना

दिने गरी कारागार कार्यालय नख्खुमा थुनामा राख्न थुनुवा पुर्जी दिई कारागार कार्यालय ललितपुर चलान गर्ने भन्ने समेत बेहोराको थुनछेक आदेश।

६. वारदात सम्बन्धी प्राप्त उजुरी प्रतिवेदन, बरामदी मुचुल्का र प्रतिवादीहरुको वयान, दशी प्रमाण तथा कानूनी व्यवस्था समेतका आधारमा विश्लेषण गर्दा वरामदीत सुन भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको हुँदा उक्त वरामदित सुन भन्सार ऐन २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम जफत हुने उक्त सुन चोरी पैठारी कार्यमा संलग्न प्रतिवादीहरुलाई भन्सार ऐन २०६४ को दफा ५७ (१) बमोजिम जफत भएको सुनको विगो बराबरको रकम रु. ११,४६,०००/- जरिवाना र सोही उपदफाको खण्ड (क) बमोजिम निज प्रतिवादीहरुलाई जनही तीन दिन कैद हुने ठहर्छ भन्ने समेत बेहोराको त्रिभूवन विमानस्थल भन्सार कार्यालयको निर्णय।

७. मेरो कोठाबाट बरामद भएको २० तोला सुन आलम भन्ने मानिसबाट रिमोट लिने क्रममा निजले २/४ दिन सुरक्षितपूर्वक राखिदिन अनुरोध गरेको कारणबाट मानविय सहयोगका हिसाबले उक्त कार्य गरेको थिए। मैले विदेशबाट ल्याएको सुन अबैधानिक तबरबाट भन्सार छली नेपाल भित्र्याउन कोशिस गरेको वा नेपालबाट विदेश भन्सार छली निकासी वा पैठारी गर्न सहयोग गरेको अवस्था भए वा नेपालकै डोमेस्टिक एअरपोर्टबाट अबैध रुपमा उक्त सुन अन्त ठाउँमा लान सुनधनीलाई सहयोग गरेको भए मात्र भन्सार ऐन २०६४ को दफा ५७(१) को कानूनी व्यवस्था आकर्षित हुने व्यवस्था रहेकोमा मैले रिमोट पठाई दिने व्यक्तिप्रति सदासयता जनाई निजको मानिस आलमको उक्त सुन सुरक्षाको हिसाबले डोमेस्टिक एअरपोर्टको पार्किङबाट लिई राखी दिएको सम्मको कार्यलाई अपव्याख्या गरी भन्सार ऐन २०६४ को दफा ५७(१) विपरित मबाट मालवस्तु चोरी निकासी पैठारी गरेको ठहर गरी त्रिभूवन विमानस्थल भन्सार प्रशासकबाट न्यायिक मनको प्रयोग नगरी एकपक्षिय रुपमा दुरासयपूर्ण तवरबाट भएको निर्णय त्रुटिपूर्ण रहेको हुँदा उक्त निर्णय बदर सफाई पाउँ भन्ने समेत बेहोराको पुनरावेदक कुल बहादुर राईले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०५/०४ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री आरजु कार्कीले पुनरावेदकले बदनियत तवरले निजको कोठामा सुन ल्याएको होइन, निज पुनरावेदक ड्यूटिमा रहेको प्रहरी कर्मचारी हुँदा रिमोट

ल्याईदिने व्यक्ति आलमसँग कुराकानी गर्ने समय पनि धेरै नभएको कारण सुनको बैधानिकताको बारेमा सोधखोज नगरेको हो, सुन चोरी पैठारी नै गर्ने भए पुनरावेदकले अन्त कतै लुकाउन पनि सक्ने अवस्था हुनेमा सो नगरी मानवीय नाताले राखिदिनु भनि दिएको सुन कोठामा राखेको अवस्थामा बरामद भएको हुँदा त्रिभूवन भन्सार कार्यालयबाट भएको निर्णय न्यायसंगत नभएकोले बदर गरी आरोपित कसूरबाट सफाई पाउनु पर्छ भनी र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले वारदातको सम्बन्धमा प्राप्त उजूरी प्रतिवेदन, बरामदी मुचुल्का, बरामद दशी प्रमाण तथा निज प्रतिवादीले अनुसन्धानको क्रममा गरेको वयान समेतका आधारमा प्रतिवादीले उपर आरोपित कसूर स्थापित भैरहेको अवस्थामा त्रिभूवन विमानस्थल भन्सार कार्यालयले गरेको निर्णय कानुनसंगत रहेको हुँदा शुरु निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।१२।२४ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. प्रतिवादीले कही कतै पनि भन्सारमा आफूले ल्याएको सुनको प्रज्ञानपत्र भरेको वा भन्सार तिरेको निस्सा पेश गरेको नदेखिएको र बरामदित सुन कुल बहादुर राईले त्रिभूवन विमानस्थलको डोमेटिकको पार्किङबाट लिएको हो, सुन बालुवाटारमा कोठामा लगेको थिए भन्ने समेत बेहोराको स्वीकारोक्ती वयान गरेको कारणबाट प्रतिवादीले सुन चोरी पैठारी कार्य गरेको ठहरेकाले भन्सार ऐन २०६४ को दफा ५७(१) बमोजिम बरामदित सुन जफत हुने जफत भएको सुनको बिगो रु. ११,४६,०००/- जरिवाना र सोही उपदफाको खण्ड (क) बमोजिम प्रतिवादीलाई तीन दिन कैद हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७५।१२।२४ मा भएको निर्णय उपर चित्त नबुझाई प्रतिवादी कुल बहादुर राईको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१२. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः मुल्लाहक भन्ने मानिसलाई निज विदेश जाने क्रममा चिनजान भएको र निजलाई मैले सोनी टि.भी.को रिमोट मगाएकोमा आलम भन्ने व्यक्तिलाई मगाएको रिमोट पठाएको छु लिनु भनेपछि आलमबाट उक्त रिमोट लिने क्रममा निज आलमसँग भएको सुन २/४ दिनमा लिन आउछु राखिदिनु भनेकोले आलमसँग भएको २० तोला सुन कोठामा सुरक्षितसाथ राखिदिएको थिए। म पुनरावेदक ड्यूटिमा रहेको प्रहरी कर्मचारी भएकोले आलमसँग उक्त सुनको बैधानिकता बारे सोधीखोजी गरिन, केवल मानवीय सहयोगको हिसाबले मात्र उक्त सुन सुरक्षतिपूर्वक राखिदिएको हुँ। मैले बरामदित सुन चोरी

निकासी वा पैठारी गर्ने वा गर्न प्रयास गरेको होईन तसर्थ उल्लेखित सुन चोरी पैठारी गरेको ठहर गर्ने गरि गरेको शुरु निर्णय त्रुटीपुर्ण छ भन्ने समेत बेहोराको पुनरावेदन जिकिर लिएको पाइन्छ।

१३. यसरी पुनरावेदक प्रतिवादीले आफुले अर्का प्रतिवादी आलम भन्ने मानिसबाट २० तोला सुन लिई आफ्नो कोठाबाट सुन बरामद भएको भनि अनुसन्धानको क्रममा वयान गरेको पाईयो। निजको उक्त वयान ब्यहोराबाट निज आफैंले अर्काको सुन विमानस्थल भन्सार कटाईदिएकोमा विवाद देखिएन। वयानकै क्रममा निज प्रतिवादी कुल बहादुर राईले बरामदित सुन आलम भन्ने मानिसको भएको, उक्त सुन बैध अबैध के हो पनि सोधी खोजी नगरेको, मुल्लाहक भन्ने मानिसलाई उ विदेश जाने क्रममा एअरलाईन्समा तौल बढि भएको हुँदा सहयोग गरेको कारणबाट चिनजान भई उसँग सोनी टि.भी.को रिमोट मगाएकोमा आलम भन्ने मानिससँग लिनु भनेपछि निज आलमसँग रिमोट लिन जाने क्रममा उसँग भएको सुन डोमेस्टिक कटाईदिन अनुरोध गरी सुन मेरो कोठामा राख्न लगाई २/४ दिनमा लिन आउँछु भनेको हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ। यस परिप्रेक्षमा हेर्दा प्रहरी सहायक निरिक्षक जस्तो राष्ट्रको सुरक्षा अंगको जिम्मेवार पदमा त्रिभूवन विमानस्थलको सुरक्षार्थ खटिएको व्यक्तिले अर्को कुनै व्यक्तिले गैर कानूनी तवरमा पैठारी गरेको सुनलाई अबैध तवरले आफूले जिम्मामा लिई भन्सार क्षेत्र कटाई आफ्नो घरमा लिई राख्ने कार्य आफै संगिन प्रकारको गैर कानूनी कार्य हो। यस्तो कार्य सामान्य मानिसको लागि त निषेधित हुन्छ भने प्रहरीको लागि झन बढि संवेदनशिल हुन्छ। अझ अनुसान्धानको क्रममा यी प्रतिवादीले सुन हस्तान्तरण गर्ने मानिससँग आफूले सुनको वैधानिकता बारेमा सोधी खोजी नै गरिन भनि गरेको वयान व्यहोराबाट यी प्रतिवादीले आरोपित कसूर गर्नमा पूर्ण रुपमा तयारी गरी नियतवश नै आफ्नो घर कोठामा सुन लगी राखेको देखिन्छ। यस्तो परिपञ्चसाथ भएको कसूरजन्य कार्यमा कसुरदारलाई सजाय गर्ने गरी भएको निर्णयलाई अन्यथा भयो भनी भन्नु पर्ने अवस्था देखिएन।

१४. त्यसैगरी अर्का प्रतिवादी परवेज आलमले समेत मेरो सामान्य चिनजानको साथी फैयाज आलमले मलाई सम्पर्क गरी मेरो अंकलसँग भेटेर सामान लिनु र आफूसँग राख्नु, म पछि कुरा गर्छु भनु अनुरोध गरेको हुनाले उसलाई सहयोग गर्न जाँदै गर्दा मलाई प्रहरीले बालुवाटारमा पक्राउ परेको हुँ, फैयाज आलमले मेरो अंकल कुल बहादुर हो भनि निजको सम्पर्क नं. समेत दिएका हुन् भन्ने समेतको वयान बेहोराबाट निज प्रतिवादी कुल बहादुर राईको उल्लेखित वारदातमा संलग्नतामा समेत विवाद देखिदैन। वरामद भएको सुन यी प्रतिवादीले बैधानिक ढंगबाट प्राप्त भएको भन्ने अन्य कुनै प्रमाण कागजात समेत पेश हुन नसकेको अवस्थामा तथा अर्का प्रतिवादीको कसूर ठहर भईसकेको अवस्थामा समेत उक्त सुन अवैधानिक तवरले विमानस्थल प्रवेश गराएको हुँदा प्रतिवादी कुल बहादुर राईको सुन

चोरी पैठारी कार्यमा संलग्नता रहेको देखिन आयो। यसर्थ प्रतिवादीले गरेको कार्य भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएकै देखिन्छ। साथै प्रतिवादीले गरेको कसूरको प्रकृति हेर्दा बरामदित सुन गैर कानुनी तबरले भन्सार छली ल्याउने कार्यमा यी पुनरावेदकको संलग्नताको पुष्टी भएको हुँदा पुनरावेदनमा जिकिर लिए बमोजिम यी प्रतिवादीले सफाई पाउनु पर्ने देखिन आएन। अतएवः शुरु निर्णय उल्टी गर्नु पर्ने भन्ने पुनरावेदकको जिकिरसंग सहमत हुन सकिएन।

१५. अत माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा प्रतिवादी कुल बहादुर राईले बरामद सुन चोरी पैठारी गरेको ठहराई निज प्रतिवादीलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम ११,४६,०००/- जरिवाना र सोही उपदफाको खण्ड (क) बमोजिम ३ दिन कैद हुने ठहराई त्रिभूवन विमानस्थल भन्सार कार्यालयबाट मिति ०७५/१२/२४ मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसील बमोजिम गर्नू।

**<u>तपसील</u>**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु-----------------------१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु---------------------------------------------------------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु--------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-शाखा अधिकृत प्रमोद रिजाल

इति सम्वत् २०७६ साल कार्तिक महिना ०७ गते रोज ५ शुभम् ...........................